बैठक संख्या :- १४३
मिति : - २०८०।०५।२९, शुक्रबार
समय :- दिनको ४:०० बजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुर्य प्रसाद दाहाल | सचिव (प्र.प्र.अ.) |

## प्रस्तावहरु :

१. आ.व. २०७९/०८० को वार्षिक समिक्षा सम्बन्धमा ।
२. हेफर र अन्य संघसंस्थासँग साझेदारी ।
३. गौमती मा.वि. मा बर्देउठाकुर प्रा.वि. एकिकृत सम्बन्धमा ।
४. साकेतधाम प्रतिष्ठान नेपाल जेष्ठ नागरिक भवनको संचालन सम्बन्धमा ।

सहयोगी कर्मचारी :
- सुशिल कुमार वर्मा, आन्तरीक लेखा परीक्षण शाखा प्रमुख
- दिपेस के.सी., सहायक स्तर पाँचौं
- अजय प्रधान, क.अ. (पाँचौं), प्रशासन शाखा

## निर्णयहरु

**निर्णय नं. १ :** कमलामाई नगरपालिका क्षेत्र भित्र संचालित बजेट तथा कार्यक्रमको आ.व. २०७९/०८० को वार्षिक समिक्षा बैठक मिति २०८० असोज १४ र १५ गते बस्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** कमलामाई नगरपालिका र हेफर बीच भएको सम्झौता अनुसार मिल्किवे परियोजनाको लागि आर्थिक वर्ष २०८०/०८१ बिनियोजित बजेट साझेदारी रुपमा संचालन गर्न अपुग भएको कारणले संघीय सरकार, प्रदेश सरकार र नगरपालिका क्षेत्र भित्र संचालित अन्य गैर सरकारी संस्थाहरुसँग समेत साझेदारी रुपमा कार्य गर्नको लागि बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** कमलामाई नगरपालिका वडा नं. ७ स्थित श्री वर्देउठाकुर प्राथमिक विद्यालयमा विद्यार्थीको अभाव भएको कारणले गर्दा कमलामाई नगरपालिका वडा नं. ६ स्थित श्री गौमती माध्यमिक विद्यालयमा उक्त विद्यालयको बैंक मौज्दात, चल, अचल सम्पत्ती सहित श्री गौमती मा.वि. मा एकिकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** कमलामाई नगरपालिका वडा नं. ९ स्थित साकेतधाम प्रतिष्ठान नेपालले जेष्ठ नागरिक भवन निर्माणको लागि उक्त वडाको पूर्व तर्फ भिमान खोला, पश्चिम तर्फ वि.पि. राजमार्गमा निर्माण हुने सेक्यूरिटी चेकपोष्ट, भिमानको गेट, उत्तर तर्फ भिमान बजार (वि.पि. राजमार्ग झर्ने बाटो, दक्षिण तर्फ राम प्रसाद बरालको जग्गा सिमाना क्षेत्र भित्र अन्दाजी १ बिगाहा नगरपालिकाको अधिकारमा रहने गरी उक्त संस्था संचालन गर्न दिने निर्णय गरियो ।